केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/०१/०६९/७० मिति: २०६९/०४/२१

**सम्पूर्ण इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

आर्थिक वर्ष २०६९।७० को मौद्रिक नीतिमा उल्लेख भएका निम्न लिखित व्यवस्थाका सम्बन्धमा यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाको लागि देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको लागि जारी एकीकृत निर्देशन २०६९ को इ.प्रा. निर्देशन नं. २२ को दफा १६ (विशेष पुनरकर्जादर सम्बन्धमा), दफा ३२ (पुनरकर्जा सुविधा उपलव्ध गराउने सम्बन्धमा), दफा ३३ (जलविद्युत उत्पादन परियोजनालाई पुनरकर्जा उपलव्ध गराउने सम्बन्धमा), दफा ३४ ( कृषि क्षेत्र सम्बन्धी पुनरकर्जा) र दफा ३५ (निर्यात पुनरकर्जा सुविधा उपलव्ध गराउने सम्बन्धमा) मा भएको व्यवस्थालाई खारेज गरी देहायको व्यवस्था कायम गरिएको छः-

*विषयः पुनरकर्जा उपलब्ध गराउने सम्बन्धमा*

*"नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई तोकिएका शर्तहरुको अधिनमा रही देहाय बमोजिम प्रवाह भएको कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा उपलव्ध गराइने छ । सम्बन्धित अनुसूची -१, २, ३ र ४ यसै साथ संलग्न गरिएको छ ।*

*(१) साधारण पुनरकर्जा*

*(क) २५ मेगावाटसम्म विद्युत उत्पादन गर्ने जलविद्युत परियोजना, कृषि क्षेत्र, पशुपंक्षी तथा मत्स्यपालन व्यवसाय, विदेशमा रोजगारी वा अध्ययन गरी फर्केका युवाहरुले संचालन गर्ने उद्योग-व्यवसाय, उत्पादनमूलक उद्योग, पर्यटन उद्योग र भौतिक पूर्वाधार निर्माण उद्योगमा प्रवाह भएको असल कर्जाको धितोमा बार्षिक ६.० प्रतिशत ब्याजदरमा पुनरकर्जा उपलब्ध गराइने छ ।*

*स्पष्टिकरणः १. उत्पादनमूलक उद्योग भन्नाले चुरोट, विडी, सिंगार, सूर्ती, खैनी लगायत सूर्तिजन्य उद्योग र मदिरा तथा मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगहरुलाई जनाउने छ ।*

*२. भौतिक पूर्वाधार निर्माण उद्योग भन्नाले सडक, पुल, रोपवे, ट्रलीबस, टनेल, फ्लाईङ्ग ब्रीज, केबल कार, विद्युत प्रशारण लाइन आदिलाई जनाउने छ ।*

*(ख) साधारण पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित ऋणीबाट ९.० प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन् ।*

*(२) विशेष पुनरकर्जा*

*(क) रूग्ण उद्योग, घरेलु तथा साना उद्योग, वैदेशिक रोजगारीको लागि प्रवाह भएको कर्जाको धितोमा वार्षिक १.५ प्रतिशत ब्याजदरमा पुनरकर्जा उपलब्ध गराइने छ ।*

*(ख) दलित, जनजाति, उत्पीडित, महिला, विपन्न वर्ग तथा समुदायका व्यक्तिद्वारा संचालित साना व्यवसायमा प्रदान गरिएको असल कर्जाको धितो सुरक्षणमा वार्षिक १.५ प्रतिशत ब्याजदरमा पुनरकर्जा उपलब्ध गराइने छ ।*

*(ग) विशेष पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित ऋणीबाट वार्षिक ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन् ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*(३) निर्यात पुनरकर्जा*

*(क) निर्यात व्यवसायी फर्म⁄कम्पनीलाई Export Documents को आधारमा नेपाली मुद्रामा प्रवाह गरेको कर्जा र निर्यात प्रवर्द्धन उद्योगलाई प्रवाह भएको असल कर्जाको धितोमा वार्षिक १.५० प्रतिशत दरमा निर्यात पुनरकर्जा उपलब्ध गराइने छ ।*

*(ख) निर्यात पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित ऋणीबाट वार्षिक ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन् ।*

*(ग) निर्यात अन्तर्गत विदेशबाट विदेशी मुद्रा आम्दानी भएको अनुगमन सम्बन्धित बैंक तथा वित्तीय संस्थाले गर्नु पर्नेछ । साथै यस्तो भुक्तानी प्राप्त भएको मितिले चार कार्यदिनभित्र पुनरकर्जाको साँवा तथा ब्याज एकमुष्ट रुपमा भुक्तानी गर्नु पर्नेछ ।*

*(घ) निर्यात पुनरकर्जाको हकमा Deemed Exporter भई उत्पादन कार्यमा समेत संलग्न भएको खण्डमा उत्पादन कार्यमा लिएको कर्जा वा निर्यातको लागि लिएको कर्जा मध्ये कुनै एक तहको कर्जामा मात्र निर्यात पुनरकर्जा उपलब्ध गराइने छ ।*

***(४) महिलाद्वारा संचालित लघुउद्यममा पुनरकर्जा***

*(क) बैंक तथा वित्तीय संस्थाबाट महिलाहरूद्वारा संचालित लघु उद्यमलाई प्रवाह भएको रू ३ लाखसम्मको असल कर्जाको धितो सुरक्षणमा बार्षिक ६.० प्रतिशत ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने छ ।*

*(ख) यस्तो पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले सम्बन्धित ऋणीबाट ९.० प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन् ।*

*पुनरकर्जाका शर्तहरु*

*(१) रुग्ण उद्योगलाई प्रवाह हुने पुनरकर्जा बाहेक अन्य पुनरकर्जा सुविधा असल कर्जाको धितोमा प्रदान गरिने छ ।*

*(२) यस बैंकबाट प्रवाह हुने कुल पुनरकर्जा सुविधाको सीमा बैंक तथा वित्तीय संस्थाको प्राथमिक पुँजीको अधिकतम ८० प्रतिशत भन्दा बढी हुने छैन ।*

*(३) पुनरकर्जा सुविधा उपयोग गर्ने बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा वापत यस बैंकको नाममा तोकिएको ढाँचाको तमसुक गरिदिनु पर्नेछ ।*

*(४) पुनरकर्जा सुविधामा तोकिएको भुक्तानी अवधि अघि नै पूर्व-भुक्तानी हुन सक्ने छ । पुनरकर्जा कर्जा भुक्तानी गर्दा साँवा र ब्याज सहित भुक्तानी गर्नु पर्नेछ । यस बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको खाता खर्च (Debit) गरी रकम असुलउपर गर्न सक्ने छ । तोकिएको अवधिमा सावाँ⁄ब्याज असुल उपर हुन नसकेमा तीन प्रतिशत पेनाल ब्याजदर कायम गरी असुल गरिने छ ।*

*(५) पुनरकर्जाको अवधि बढीमा ६ महिनाको हुनेछ । एक पटक लिएको पुनरकर्जा चुक्ता गरिसकेपछि मात्र पुनः पुनरकर्जा माग गर्न सकिनेछ ।*

*(६) पुनरकर्जा सुविधा प्राप्त गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जाको मासिक विवरण महिनासमाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

२. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६९ को निर्देशन नं. ५ को बुँदा नं. २ को उपबुँदा (५) मा उल्लिखित व्यहोरालाई संशोधन गरी देहाय बमोजिमको व्यहोरा कायम गरिएको छ:-

*"(५) यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा बित्तीय संस्थाहरुको तरलता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले बैंक/वित्तीय संस्थाहरुको स्रोत परिचालन (स्वदेशी मुद्रामा भएको निक्षेप तथा प्राथमिक पुँजी) मा स्वदेशी मुद्रामा प्रवाह भएको कर्जा सापटको अंश ८० प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएको छ । तर,*

*(क) कुनै बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा उपयोग गरेको भएमा सो रकम यस प्रयोजनको लागि कर्जा सापटबाट घटाउन सकिनेछ ।*

*(ख) बैंक तथा वित्तीय संस्थाले विदेशी मुद्रामा तीन वर्ष वा सो भन्दा बढी अवधिको दीर्घकालीन ऋण लिई कर्जा प्रवाह गरेको भएमा त्यस्तो दीर्घकालीन ऋण रकमलाई यस खण्डको प्रयोजनको लागि स्रोत परिचालनमा गणना गर्न सकिने छ ।*

*(ग) तोकिएको कर्जा कार्यक्रम संचालन गर्न बैंक तथा वित्तीय संस्थाले नेपाल सरकार वा अन्तर्राष्ट्रिय निकायबाट तीन वर्ष वा सो भन्दा बढी अवधिको लागि स्वदेशी मुद्रामा प्राप्त ऋणबाट प्रवाह भएको कर्जा बराबरको रकम यस खण्डको प्रयोजनको लागि स्रोत परिचालनमा गणना गर्न सकिनेछ ।"*

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।